रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ६ रिब्दीकोट माघ ६, २०७९ साल संख्याः४**


**भाग – १**

**रिब्दीकोट गाउँपालिका**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँसभाले बनाएको तल लेखिए बमोजिम **रिब्दीकोट गाउँपालिकाको साझेदारीमा कार्यक्रम संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन** सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## रिब्दीकोट गाउँपालिकाको साझेदारीमा कार्यक्रम संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९

सभाबाट पारित मितिः २०७९।०९।२८

प्रस्तावनाः निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, पूर्वाधार निर्माण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, वन तथा वातावरण संरक्षण, संस्थागत विकास तथा सुशासन, सहकारी संस्थाहरुको सवलीकरण तथा स्थानीय उत्पादनको बजारीकरण लगायतका कार्यक्रमका लागि साझेदारीको माध्यमबाट सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वशुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार

सञ्चालन ऐन २०७४ को दफा १०२ (१) ले दिएको अधिकारको प्रयोग गरी रिब्दीकोट गाउँपालिकाले यो ऐन बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "रिब्दीकोट गाउँपालिकाको साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन १२ औं गाउँसभाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

(३) यो ऐन रिब्दीकोट गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२. परिभाषाः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "अध्यक्ष" भन्नाले रिब्दीकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) "उपाध्यक्ष" भन्नाले रिब्दीकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रिब्दीकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(घ) "गाउँपालिका" भन्नाले रिब्दीकोट गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "कार्यक्रम" भन्नाले यस ऐनको दफा ३ बमोजिम गाउँपालिकासँग साझेदारीमा संचालन गरिने कार्यक्रम सम्झनु पर्दछ ।

(च) "लाभग्राही" भन्नाले यस ऐन बमोजिमको सेवा सुविधा उपभोग गर्ने व्यक्ति तथा समुदायलाई सम्झनु पर्दछ ।

(छ) "प्रस्तावक" भन्नाले दफा ५ बमोजिम गाउँपालिकासँग

साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्तावना पेश गर्ने वा आवेदन दिने नेपाली नागरिक, कम्पनी, फर्म, राष्ट्रिय गैरसरकारी संस्था, सामुदायिक संस्था, सहकारी, अन्य संघ संस्थालाई सम्झनु पर्दछ।

(ज) "स्थानीय सरकार" भन्नाले रिब्दीकोट गाउँपालिकालाई सम्झनु पर्दछ।

(झ) "सम्झौता" भन्नाले कार्यक्रम कार्यान्वयन गर्न दफा ८ बमोजिम रिब्दीकोट गाउँपालिकाले प्रस्तावकसँग गरेको साझेदारी सम्झौता सम्झनु पर्दछ।

(ञ) "साझेदारी" भन्नाले साझेदारीको अवधारणा अनुरुप कुनै पनि कार्यक्रमको तर्जुमा, संचालन तथा व्यवस्थापनका साथै आँशिक वा पूर्ण रुपमा वित्तिय लगानी गर्ने गरी यस गाउँपालिका र साझेदार बीच भएको करारीय प्रबन्ध सम्झनु पर्दछ।

(ट) "साझेदार" भन्नाले यस गाउँपालिकासँग साझेदारी गरी दफा ३ बमोजिमको कार्यक्रम संचालन गर्नका लागि दफा ८ बमोजिम सम्झौता गर्ने प्रस्तावक सम्झनु पर्दछ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(ड) "गाउँसभा" भन्नाले गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ।

(ढ) "कार्यपालिका" भन्नाले रिब्दीकोट गाउँकार्यपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

## परिच्छेद - २
## कार्यक्रम संचालन तथा उद्देश्य

३. साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेः

(क) गाउँपालिकाले नेपाली नागरिक, कम्पनी, फर्म, राष्ट्रिय गै.स.स, सामुदायिक संस्था, सहकारी तथा अन्य संघसंस्थासँग मिलेर अल्पकालिन तथा दिर्घकालिन समयावधिको लागि लागत (आर्थिक तथा प्राविधिक) साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

४. साझोदारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

क) गाउँपालिकाभरका नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउने, रोजगारी सृजना गर्ने तथा गरिबी निवारण गर्ने,

(ख) गाउँपालिकाले सञ्चालन गर्ने कार्यमा लागत न्यूनिकरण गरी भौतिक, आर्थिक तथा मानव स्रोत र साधनको अधिकतम उपयोग र प्रभावकारी परिचालन गर्ने,

(ग) साझेदारीमा कार्यक्रम संचालन गर्नका लागि पहिचान भएका क्षेत्रहरुमा आवश्यक थप विषयगत प्राविधिक दक्षता भएका साझेदारसँग सहकार्य गर्ने,

(घ) बृहत पूर्वाधार र ठूला आयोजनाको लागि स्रोत सुनिश्चित गर्ने,

(ङ) असल अभ्यास र अनुभवहरुको आदान प्रदान गर्ने ।

५. न्युनतम साझेदारी तथा अन्य व्यवस्था

(क) साझेदारले कम्तीमा ३० प्रतिशत लागतमा आर्थिक तथा प्राविधिक साझेदारी गर्नुपर्नेछ,

(ख) साझेदारलाई दिगो सामुदायिक विकास कार्यक्रम, पूर्वाधार विकास तथा मर्मत लगायतका कार्यहरु गर्ने गरी जिम्मेवारी दिईएको वा व्यवस्थापनका लागि सम्झौता भएको,

(ग) योजना तथा कार्यक्रमको कार्यान्वयन अवधि स्पष्ट भएको ।

६. कार्यक्रम पहिचान तथा कार्यान्वयनका लागि प्रस्ताव आह्वान प्रकृया:

(१) गाउँपालिकाले यस विधेयक बमोजिम गाउँसभाले स्वीकृत गरेका वा कार्यपालिकाले आवश्यकता महशुस गरेका एक वर्षीय वा दिर्घकालीन योजना तथा कार्यक्रमहरु, जसको कार्यन्वयनका लागि साझेदारको लागत (आर्थिक तथा प्राविधिक) सहयोग आवश्यकता पर्दछ, ती कार्यक्रमहरुको पहिचान गर्नेछ ।

(२) गाउँपालिकाले स्वीकृत साझेदारी कार्यक्रम कार्यान्वयनका लागि सार्वजनिक सूचना प्रकाशन गरी आशय पत्र आह्वान गर्नुपर्नेछ । आशय पत्रको सूचनामा देहायका विवरण खुलाउनुपर्नेछ:

क) आशयपत्र पेश गर्ने कार्यालय वा निकाय,

ख) आशयपत्र पेश गर्ने अवधि,

ग) आशयपत्रमा खुलाउनु पर्ने विवरण,

घ) आशयपत्र साथ संलग्न गर्नु पर्ने कागजातहरु,

ङ) प्रस्तावकको प्राविधिक तथा आर्थिक क्षमता,

च) तोकिए बमोजिमका अन्य विवरण ।

(३) संक्षिप्त सूची तयार पार्ने : उप-दफा २ बमोजिम आशय पत्र प्राप्त भएपछि तोकिए बमोजिमको आधारमा मूल्यांकन गरी तोकिएका प्रक्रिया बमोजिम प्रस्तावकहरुको संक्षिप्त सूची तयार गर्नुपर्नेछ ।

(४) प्रस्ताव आह्वान गर्ने: सूचीमा परेका प्रस्तावकहरुसँग तोकिए बमोजिमका विषयहरु खुलाई सूचनामा उल्लेखित अवधिभित्र तोकिएको ढाँचामा प्रस्ताव आह्वानको लागि सूचना प्रकाशित गर्नेछ ।

(५) प्रस्ताव आह्वानको सूचनाको ढाँचा, आवेदन पत्र तथा प्रस्तावको ढाँचा तोकिए बमोजिम हुनेछ ।

(६) प्रस्ताव छनौटः पालिकाको मूल्यांकन समितिले प्राप्त प्रस्तावहरुलाई प्राविधिक तथा आर्थिक मूल्यांकन गरी साझेदार संस्था छनौट गर्नुपर्नेछ ।

७. कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापनः

(१) गाउँपालिकाले यस ऐन बमोजिम कार्यक्रमको व्यवस्थापन, समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्नको लागि विभिन्न समिति, उप-समिति तथा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन गरिएका समिति, उप-समिति तथा कार्यदलका पदाधिकारी, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) अनुदान उपलब्ध गराउन सकिनेः कार्यक्रम कार्यान्वयनको क्रममा गाउँपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई अनुदान उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद -३
## साझेदारी सम्झौता सम्बन्धी व्यवस्था

८. सम्झौता गर्नेः

(१) गाउँपालिकाले दफा ५ को उपदफा (६) मा उल्लेख भएको मूल्यांकन समितिको सिफारिश बमोजिम प्रस्तावकसँग आवश्यकता अनुसार वार्ता समेत गरी साझेदारी सम्झौता गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको सम्झौताको ढाँचा सम्झौता गर्ने पक्षहरुले कार्यान्वयन गर्न लागिएको कार्यक्रमको आवश्यकता अनुसार हुनेछ ।

परिच्छेद-४

साझेदारी कार्यक्रमको वित्तिय व्यवस्थापन, प्रगति प्रतिवेदन तथा भुक्तानी

९. वित्तीय व्यवस्थापन, प्रगति प्रतिवेदन तथा भुक्तानी

(१) यस गाउँपालिकाको कार्यक्रममा टेवा पुर्याउने उद्देश्यले साझेदारीमा आएका साझेदारहरुलाई कार्यक्रम संचालन गर्नका निम्ति तोकिए बमोजिम पेश्की उपलब्ध गराउन सकिनेछ। यसरी गाउँपालिकासँग साझेदारीमा आउने साझेदारलाई कार्यक्रम संचालन गर्नको लागि पेश्की प्रदान गर्दा साझेदारले गर्ने लागत आर्थिक तथा प्राविधिक वा दुवै सहभागिताको स्तर र साझेदारको संलग्नताको उद्देश्य आर्थिक प्रतिफल प्राप्त गर्ने रहे/नरहेको समेत विचार गरी पेश्की जमानत आवश्यक पर्ने/नपर्ने गरी व्यवस्था गर्न सकिनेछ। पेश्की जमानत आवश्यक हुने नहुने व्यहोरा प्रस्तावमा उल्लेख गर्नुपर्नेछ।

(२) साझेदारी कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन तथा बिल भर्पाइ सम्झौतामा तोकिए बमोजिमको ढाँचा र समयमा पेश गर्नुपर्नेछ।

(३) साझेदारी कार्यक्रमको भुक्तानी गर्ने समय तथा प्रकृया दफा ७ अनुसार सम्पन्न गरिएको साझेदारी सम्झौता पत्रमा तोकिए बमोजिम हुनेछ।

१०. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन:

सम्झौता गरी कार्यक्रमको कार्यान्वयन गर्दा दफा ६ (२) बमोजिम गठन भएका समिति, उप-समिति तथा कार्यदलले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। गाउँपालिकाले आवश्यक ठानेमा कार्यक्रमको अनुगमन मूल्यांकन तेश्रो पक्षबाट पनि गराउन सक्नेछ।

## परिच्छेद-५
## विविध

११. विवादको समाधानः

(१) कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा गाउँपालिका र साझेदारबीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आपसी समझदारीबाट ३० दिनभित्र समाधान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आपसी समझादारीबाट विवाद समाधान नभएको खण्डमा सम्झौतामा उल्लेख भएको हकमा सोही बमोजिम र उल्लेख नभएको अवस्थामा प्रचलित कानून बमोजिम हुनेछ ।

१२. स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने :
साझेदारले कार्यक्रम कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने बस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ ।

१३. नियम बनाउने अधिकारः
यस ऐनमा व्यवस्था भएका प्रावधानहरुको कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

१४. कार्यविधि तथा निर्देशिका बनाउन सक्ने :
यस ऐनमा व्यवस्था भएका प्रावधानको कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ ।

१५. संशोधन तथा हेरफेर :

यस ऐनको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

१६. बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्नेः

यस ऐनको कार्यान्वयनमा कुनै समस्या उत्पन्न भएमा बाधा अड्काउ फुकाउने र व्याख्या गर्ने अधिकार गाउँपालिकामा निहित हुनेछ ।

आज्ञाले
पवन अर्याल
प्रमुख प्रशासकीय अधिकृत